# गेरुवा गाउँपालिका

# २०७४

## विसौं कार्यपालिका बोर्ड बैठक

**२२ बैशाख, २०७४**

| | | |
|---|---|---|
| गाउँपालिका | : | गेरुवा गाउँपालिका |
| स्थान | : | पशुपतिनगर,बर्दिया |
| प्रदेश | : | ५ नं. प्रदेश, नेपाल |

**आज मिति २०७४ साल बैशाख २२ गतेका दिन गेरुवा गाउँपालिकाका अध्यक्ष श्री जमानसिंह के.सी. ज्यू को अध्यक्षतामा कार्य पालिकाको बिसौं बोर्ड बैठक बस्यो, उपस्थिति तथा निर्णय देहाय वमोजिम छ ।**

**उपस्थिति**

| | | | |
|---|---|---|---|
| श्री जमान सिंह के.सी. | - | अध्यक्ष | सभाध्यक्ष |
| श्री हिमा कुमारी थरुनी | - | उपाध्यक्ष | सदस्य |
| श्री दयाराम बैद्य थारु | - | वडाअध्यक्ष, वडानं. १ | ,, |
| श्री आलोक कुमार थारु | - | वडाअध्यक्ष, वडानं. २ | ,, |
| श्री पुनाराम थारु | - | वडाअध्यक्ष, वडानं. ३ | ,, |
| श्री बल बहादुर चलाउने | - | वडाअध्यक्ष, वडानं. ४ | ,, |
| श्री धर्म प्रकाश थारु | - | वडाअध्यक्ष, वडानं. ५ | ,, |
| श्री टेक बहादुर चौधरी | - | वडाअध्यक्ष, वडानं. ६ | ,, |
| श्री शान्ती चौधरी | - | सदस्य | ,, |
| श्री राजु बडुवाल खत्री | - | सदस्य | ,, |
| श्री चन्द्ररुपा कामी | - | सदस्य | ,, |
| श्री मोवीला शर्मा पौडेल | - | सदस्य | ,, |
| श्री लक्षिण बहादुर नेपाली | - | सदस्य | ,, |
| श्री बम बहादुर वि क. | - | सदस्य | ,, |
| श्री भीम बहादुर खत्री | - | प्रमुख प्रशासकीय अधिकृत | सदस्य-सचिव |

**प्रस्तावहरु**

**१ योजना अनुगमन, मुल्याङकन र सम्पन्न प्रतिवेदन तथा भूक्तानी सम्बन्धमा**
**२ मेशिनरी सामान तथा गाडी खरिद प्रकृयामा एकरुपता कायम गर्ने सम्बन्धमा**
**३ नमुना टोलसुधार दिर्घकालीन कार्यक्रम सञ्चालनका लागि टोल समिति गठन गर्ने सम्बन्धमा**
**४ ह्युमपाई खरिद र वितरण सम्बन्धमा**
**५ बिबिध**
**(क) गाउँसभा मिति सार्ने सम्बन्धमा**
**(ख) बोर्ड बैठक बस्ने सम्बन्धमा**

## निर्णयहरु :-

**१ योजना अनुगमन, मुल्याङकन र सम्पन्न प्रतिवेदन तथा भूक्तानी सम्बन्धमा**

प्रस्ताव नं. १ माथी छलफल गर्दा हरेक वडामा सञ्चालन भएका योजनाहरुको योजना अनुगमन समिति, वडा अनुगमन समितिले र गाउँपालिका स्तरीय अनुगमन समिति परिचालन पश्चात मात्र योजनाहरुका सम्बन्धमा सार्वजनिक सुनुवाई र सम्पन्न प्रतिवेदन पेश गर्न निर्देशन गर्ने निर्णय गरियो।

**२ मेशिनरी सामान तथा गाडी खरिद प्रकृयामा एकरुपता कायम गर्न निर्देशन गर्ने सम्बन्धमा**

प्रस्ताव नं. २ माथी छलफल गर्दा देहाय वमोजिम गर्न कार्यपालिका, खरिद ईकाई तथा मुल्याङकन समितिलाई समेत निर्देशन दिने निर्णय गरियो ।

(क) यस अघि गेरुवा गाउँ कार्यपालिका कार्यालयबाट एउटै सूचनामा आहवान भएका ४ वटा मध्ये स्कारपियो गाडी शिर्षक बदर, रोलर शिर्षक बदर र व्याकअप लोडर र टुक्टर शिर्षकमा समेत विवादास्पद देखिएकोले सवै टेण्डर प्रकृया बदर गरी एकतृत रुपमा सवै मेशिनरी सामानहरु एकै पटक खरिद गर्न निर्देशन दिने निर्णय गरियो ।

(ख) यस गाउँपालिकाबाट खरिद गर्नु पर्ने गाडी तथा मेशिनरी सामानहरुको आबश्यकता र औचित्यलाई विचार गरी छिटो र छोटो प्रकृया अवलम्वन गरी दिर्घकालीन रुपमा प्रयोगमा आउने किसिमका प्रचलित कम्पनीका बलिया साधनहरु खरिद गरी अनुगमन गराउन निर्देशन दिने निर्णय गरियो ।

**३ नमुना टोलसुधार दिर्घकालीन कार्यक्रम सञ्चालनका लागि टोल समिति गठन गर्ने सम्बन्धमा**

प्रस्ताव नं. ३ माथी छलफल गर्दा नेपालको संघीय लोकतान्त्रीक गणतन्त्रतत्मक संविधानले शिक्षा र स्वास्थ्यलाई समेत नागरिक अधिकारको रुपमा स्थापीत गर्न निर्देशन गरेको साथै सुशासन दिने र तिब्र विकाश गरी समृद्ध गाउँपालिका घोषणा गर्ने गरी स्थापना भएको स्थानीय सरकार स्थानीय जनता संग जोडिएर सवै क्षेत्र, बर्ग, तह र समुदायमा समानुपातिक समुस्थिति जनाउँदै गेरुवा गाउँपालिका अन्तर्गत देहाय वमोजिम टोल समिति गठन गरी नमुनाटोल सुधार दिर्घकालीन कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

**गठन प्रकृया विवरण :**

(क) हरेक वडा क्षेत्रलाई हरेक कलष्टर सदस्यको संयोजकत्वमा ४ वटा कलष्टरमा विभाजन गर्ने ।

(ख) हरेक कलष्टरलाई ४ वटा टोलमा विभाजन गरी टोल सुधार समिति गठन गर्ने ।

(ग) हरेक टोलका टोल सुधार समितिको कार्यालयलाई आधार वनाई २ बर्ष देखी ५ बर्षका शिशुहरुको स्वास्थ्य/सरसफाई,पोषण र प्रारम्भिक ज्ञान दिने व्यवस्था मिलाउने ।

(घ) पूर्ण सरसफाई अभियान **पाँच प्लस एक**, पोषण तथा खाद्य सुरक्षा अभियान **हरेकवार खानाचार** र पूर्ण खोप योजना तथा **छोरी बचाउ अभियान** कार्यक्रम सञ्चालन गर्ने

(ङ) **गेरुवा गाउँपालिका समृद्धिका आधार, कृषि पर्यटन र पूर्वाधार** अभियान पूरा गर्न योजना वनाउने र कार्यान्वयन गर्ने जनाधारको पहिलो स्टेपको रुपमा विकाश गर्ने

**४ ह्युमपाई खरिद र वितरण सम्बन्धमा**

प्रस्ताव नं. ४ माथी छलफल गर्दा यस गाउँपालिका अन्तर्गतका छ वटै वडाहरुबाट माग भए वमोजिम समयमै ह्युम पाईप खरिद गरी उपलव्ध गराउनका लागि विनियोजित रकम नपुग हुने

भएकोले नपुग रकम रकमान्तर हुने शिर्षकबाट व्यवस्थापन गरी ह्युमपाई खरिद गरी वडाहरुमा उपलव्ध गराउने कार्य समेत बिद्युत बिस्तार समिति मार्फत सम्पादन गराउने निर्णय गरियो ।

**५ बिबिध**

**(क) गाउँसभा मिति सम्बन्धमा**

(क) चालु गाउँसभाको बैठक मिति २०७५/१/२९ गते २.०० बस्ने निर्णय गरियो ।

**(ख) आगामी बोर्ड बैठक बस्ने सम्बन्धमा**

(ख) २०७५/१/२८ गते विहान ८.०० बजे यस गाउँ कार्यपालिकाको २१औं बोर्ड बैठक बसी गाउँ सभामा पेश गर्ने कार्यक्रहरु स्वीकृत गर्ने निर्णय गरियो ।